"मेलम्ची समृद्धिको आधार : कृषि, पर्यटन र जलाधार "

## आ.व. ०७५/७६ को नीति तथा कार्यक्रम

मेलम्ची नगरपालिकाको आ.व. २०७५/७६ को नीति तथा कार्यक्रममा उपस्थित हुनु भएका आदरणीय उप-प्रमुखज्यू एवं नगरसभाका सदस्यज्यूहरु ,

स्थानीय तहको निर्वाचन भएको एक वर्ष व्यतित भइसकेको छ । यस घडिमा मेलम्ची नगरपालिकाको तर्फबाट दोश्रो पटक नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्न यस गरिमामय नगरसभामा उपस्थित हुन पाउँदा मैले गौरव महसुस गरेको छु । जनताले सात दशक लामो समयसम्म गरेको बलिदानपूर्ण संघर्ष पछि यो सुनौलो अवसर हामी समक्ष जुरेको छ ।
नेपालको संघीय संरचना बमोजिम निर्माण भएको जनतासँग प्रत्यक्ष र नजिकबाट सरोकार राख्ने स्थानीय तहको महत्व, उपादेयता र सार्थकता सम्पूर्ण सर्बसाधारणमा समेत बोध गराउने यो सुखद समयलाई स्मरण गर्न चाहन्छु ।

संघीय लोकतान्त्रिक गणतन्त्र, सामाजिक न्याय सहितको समानुपातिक समावेशी शासन व्यवस्था, मौलिक हक, विविधता बीच एकता, सहिष्णुता र धर्म निरपेक्षता जस्ता महत्वपूर्ण उपलब्धि संस्थागत हुँदै गएका छन् । मुलक संविधान कार्यान्वयनको चरणबाट अघि बढिरहेको छ । राष्ट्रिय स्वाधीनता र स्वाभिमान, लोकतन्त्र, दिगो शान्ति, सुशासन, विकास र समृद्धिको नयाँ युग शुरु भएको छ । यो ऐतिहासिक उपलब्धिका लागि आन्दोलनका विभिन्न कालखण्डमा जीवन बलिदानी गर्नुहुने सम्पूर्ण ज्ञात, अज्ञात सहिदहरु प्रति हार्दिक भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु ।

यस गरिमामय सभामा नगरपालिकाको तर्फबाट नगरको सम्पूर्ण विकासको लागि मार्गदर्शनको रुपमा रहने आगामी आ.व. ०७५/०७६ को वार्षिक नीति तथा कार्यक्रमको प्रस्तुत गर्न पाउँदा अत्यन्त खुशी लागेको छ । यस अवसरमा नगरपालिकाले गरेका प्रयासहरुमा साथ र सहयोग गर्नुहुने कार्यपालिकाका सदस्यज्यूहरु, नगरसभाका सम्पूर्ण सदस्यहरु, राजनैतिक दल, नागरिक समाज, संचार जगत, उद्योग वाणिज्य संघ, निर्माण व्यवसायी, सरकारी तथा गैरसरकारी निकायहरु, नगरपालिकाका सम्पूर्ण कर्मचारीहरु एंव नगरवासी सम्पूर्ण आदरणीय दाजु-भाइ तथा दिदी-बहिनीहरुमा हार्दिक आभार प्रकट गर्दछु ।

जनतालाई संघीय शासन व्यवस्थाको प्रत्यक्ष अनुभूति दिलाउने अभिप्रायले नेपालको संविधान, २०७२ ले अङ्गीकार गरेको समाजवाद उन्मुख शासन प्रणालीलाई सुखी नेपाली र समृद्ध नेपालको गन्तव्यतर्फ निर्देशित गर्ने गरी संघीय तथा प्रादेशीक कानूनको व्यग्रताका साथ प्रतिक्षा गर्दै नेपालको संविधान, २०७२ को भावना र स्थानीय सरकार संचालन ऐन, २०७४ ले अख्तियार गरेका काम,

कर्तव्य, अधिकार र सिमा भित्र रही केही ऐन, कानून, नियमावली, कार्यविधि र निर्देशिकाहरु निर्माण गरिएको छ भने केही निर्माणको चरणमा रहेका छन् ।

करिब २ दशक लामो अन्तरालमा भएको स्थानीय तहको निर्वाचनबाट निर्वाचित भएका जनप्रतिनिधीबाट कार्यारम्भ गरिएको १ वर्ष पछिको महत्वपूर्ण परिस्थितीमा आफ्नो अमूल्य मतदान मार्फत हामीलाई जनताको सेवा गर्ने अवसर प्रदान गर्नुहुने सम्पूर्ण नगरवासीहरुमा हार्दिक कृतज्ञता ज्ञापन गर्दै जनप्रतिनिधी विहिनताको अवस्थामा समेत क्रियाशील राजनीतिक दलको सल्लाह र सहमतिमा जन आकांक्षा बमोजिम कार्य सम्पादन गर्दै जन सहभागितामूलक पद्धति अंगिकार गरी विकास निर्माण, जनसेवा, सुशासन मैत्री सेवा प्रवाह संचालन गर्न सफल भएकोमा यस नगरपालिकाका सम्पूर्ण कर्मचारीहरुमा विशेष धन्यवाद दिन चाहन्छु ।

मेलम्ची नगरपालिकाका जनप्रतिनिधीहरु निर्वाचित भई पदबहाली भए पश्चात कार्यपालिकाको कार्यविभाजन नियमावली २०७४, कार्यपालिकाको (कार्यसम्पादन) नियमावली २०७४, नगरकार्यपालिकाको निर्णय वा अधिकारपत्रको प्रमाणीकरण (कार्यविधी) निर्देशिका २०७४, सभा संचालन कार्यविधी, २०७४ बमोजिम नगरपालिकाका कार्यहरुलाई नियमन र व्यवस्थित गर्न शुरु गरिसकिएको छ । त्यस्तै प्रथम, दोश्रो तथा तेश्रो नगरसभा सम्पन्न गर्नका लागि स्थानीय तहको योजना तथा बजेट तर्जूमा दिग्दर्शन, २०७४ बमोजिम बार्षिक बजेट तथा कार्यक्रम तर्जुमाका लागि आवश्यक समितिहरु : राजश्व परामर्श समिति, स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति, बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी स्रोत अनुमान तथा बजेट निर्माण कार्यलाई व्यवस्थित गरिनुको साथै कार्यसम्पादन नियमावली अन्तरगत कार्यपालिकामा ६ वटा विषयगत समितिहरु गठन गरी कार्य संचालन गरिदै आएको व्यहोरा यो गरिमामय नगरसभामा जानकारी गराउन पाउँदा मलाई खुशी लागेको छ ।

देशको राजधानी काठमाण्डौंसँग सिमाना जोडिएर जलश्रोत, कृषि, पर्यटन, व्यापार र खानीको प्रचुर सम्भावना बोकेको यो सुन्दर पहाडी नगरको श्रोत र साधनको सु-व्यवस्थित उपयोगले मेलम्ची नगरवासीको सम्वृद्धि र जीवनमा सकारात्मक परिवर्तन ल्याउन तथा नगरपालिकाको सेवा प्रवाहमा विशिष्टता ल्याउने गरी नीति तथा कार्यक्रम तय गर्न यो तेश्रो नगरसभा सफल हुने विश्वास लिएको छु ।

आदरणीय उप-प्रमुखज्यू एवं नगर सभाका सदस्यज्यूहरु,

अब म मेलम्ची नगरपालिकाबाट आ.व. २०७४/७५ मा सम्पादन भएका कार्यहरुको संक्षिप्त रुपमा समीक्षा गर्न गइरहेको छु।

**(१) स्थानीय तहको निर्वाचन :**

वि.सं. २०५९ साल देखि जनप्रतिनिधी विहिन रहेको नेपालका स्थानीय तहको संचालनमा कर्मचारीतन्त्रको भूमिका रहदै आएकोमा संघीय संरचना बमोजिम मिति २०७४ वैशाख ३१ गते भएको स्थानीय तहको निर्वाचनले यस मेलम्ची नगरपालिकामा निर्वाचित जन प्रतिनिधीहरुको व्यवस्था संगै २०७४ जेष्ठ ३ गते भएको सपथ ग्रहण र पद बहाली पश्चात नगरपालिका र नगरपालिका अन्तर्गतका १३ वटै वडाहरुमा निर्वाचित जनप्रतिनिधीहरुबाट जनताका अपेक्षा अनुरुपका विकास निर्माण लगायत विभिन्न कार्यहरु संचालन हुँदै आएको छ।

**(२) योजना निर्माण :**

स्थानीय तहको निर्वाचन पश्चात जनप्रतिनिधीहरुमा नगरको समग्र विकास निर्माण र विगत समयमा कर्मचारीतन्त्रबाट सम्पादन हुँदै आएको कार्यमा नविनता र दिगोपन ल्याउनुत छैदैछ साथ साथै आम नागरिक र उपभोक्ताको हित प्रति प्रतिवद्ध भई सुशासनको अनुभूति दिलाउनुपर्ने जिम्मेवारी सिर्जना भएको छ । सोही जिम्मेवारीलाई मध्यनजर गर्दै मेलम्ची नगरपालिका क्षेत्र भित्रको समग्र विकास निर्माणलाई तिव्र रुपमा संचालन गर्नका लागि योजना तर्जुमाका विभिन्न ७ चरणहरु पार गर्दै सहभागीतामुलक पद्धति अनुसार योजनाहरु तर्जुमा गरिएको छ ।

मेलम्ची नगरपालिकाको प्रथम नगर सभाबाट चालु आ.व. २०७४/७५ को लागि कूल ६३ करोड ८ लाख २६ हजार बजेट निर्धारण गरिएकोमा उक्त बजेटबाट नगरका विभिन्न योजनाहरु कार्यान्वयनको थालनी भई अन्तिम चरणमा रहेका छन् । नगर क्षेत्रभित्रका नगरस्तरीय योजनाहरुको निर्माण, नगर चक्रपथ निर्माणको थलनी, नगरपालिकाको भवन निर्माण, ग्रिन सिटी पार्कको निर्माण, नगर गुरु योजना निर्माणको थलनी, सौर्य उर्जा जडान, इलेक्ट्रोनिक हाजिरीको व्यवस्था, सबै वडा कार्यालयमा इन्टरनेटको जडान, इविलिङ्ग प्रणलीको व्यवस्थाले वित्तिय सुशासनमा समेत सुधार आएको छ । यस नगरपालिकाले २०७२ साल वैशाख १२ गते गएको विनाशकारी भूकम्पबाट क्षति भएका भौतिक संरचनाहरुको पुनर्निर्माण, एकिकृत बस्ती विकास लगायत सबै वडाहरुमा जनताको स्थायी आवास पुनर्निर्माण लगायतका कार्यमा सहयोग पु¥याउदै आएको छ।

**(४) कार्यान्वयन :**

मेलम्ची नगरपालिकाको चालु आ.व. २०७४/७५ को लागि नगर सभाबाट स्वीकृत भएका योजनाहरु टेण्डर प्रक्रिया र उपभोक्ता समितिबाट निर्माण कार्य प्रारम्भ भई अन्तिम चरणमा पुगेका छन् । ईन्द्रावती तथा मेलम्ची नदी क्षेत्रमा प्रारम्भिक वातावरणीय परिक्षण अध्ययन, फोहरमैला व्यवस्थापन, सार्वजनिक जग्गाको संरक्षण, नगरपालिका अन्तर्गतका वडा कार्यालय निर्माण लगायतको कार्य गरिएको छ।

मेलम्ची नगरवासीको गुनासो व्यवस्थापन र सार्वजनिक सुनुवाईको अभियान अन्तर्गत मेलम्ची नगरपालिकाका वडा नं. ३, ८ र १३ मा  टोल टोलमा मेयर कार्यक्रम आयोजना गरी जनताको आवश्यकता, गुनासो र समस्याको स्थलगत पहिचान गर्ने कार्य गरिएको छ । मेलम्ची नगरपालिका क्षेत्रका बजारलाई व्यवस्थित गर्न र  उद्योग व्यवसाय दर्ता गराउन जनचेतना जागृत गराउने उद्देश्यले मेलम्ची नगरपालिका अन्तर्गत मेलम्ची बजार, तालामाराङ बजार, बाहुनेपाटी बजारको बजार अनुगमन गरी ३५० भन्दा बढी व्यवसायिको अभिलेख लिने कार्य गरिएको छ । व्यवसाय दर्ता तथा नवीकरणबाट नगरपालिकाको थप आन्तरिक आम्दानी वृद्धि हुन जाने अपेक्षा गरिएको छ ।

मेलम्ची नगरपालिकाका वडा कार्यालय निर्माण गर्नको लागि केही जग्गादाताहरुबाट निशुल्क रुपमा जग्गा प्राप्त भएको छ । यस नगरपालिकाको वडा नं. १० को वडा कार्यालय निर्माणको लागि जग्गाधनी टोम शंकर दुलालबाट १ रोपनी र तारानाथ दाहालबाट १ रोपनी ९ आना गरी जम्मा २ रोपनी ९ आना, वडा नं. ८ को वडा कार्यालय निर्माणको लागि जग्गा धनीहरु विष्णु गिरीबाट १ रोपनी, यमलाल गिरीबाट ५ आना र खोटलाल गिरीबाट ५ आना गरी जम्मा १  रोपनी १० आना, वडा नं. ७ को वडा कार्यालय निर्माणको लागि जग्गाधनी स्व.विष्णु प्रसाद सुवेदीबाट १ रोपनी ८ आना  र लिला नाथ सुवेदीबाट ६ आना गरी जम्मा १ रोपनी १४ आना र वडा नं. ५ को वडा कार्यालय निर्माणको लागि बलराम सिग्देलबाट ४ आना गरी कूल जम्मा ६ रोपनी ५ आना जग्गा निशुल्क रुपमा प्राप्त भएको छ । मेलम्ची नगरपालिकाको नगरस्तरीय अस्पताल निर्माणको लागि तोयानाथ दुलालबाट १ रोपनी १५ आना ३ पैसा, पुण्य प्रसाद दुलालबाट १ रोपनी ४ आना ३ दाम , श्रीमाई चालिसेबाट १ रोपनी ३ दाम र शिवराम भट्टराईबाट २ रोपनी १ आना ३ पैसा १ दाम  गरी जम्मा ६ रोपनी ५ आना ३ पैसा ३ दाम क्षेत्रफल बराबरको जग्गा दान स्वरुप प्राप्त भएको छ ।

भूकम्प पश्चातको पुनर्निमाणलाई तिव्रता दिन नगर कार्यपालिकाको  निर्णयबाट मिति २०७५ आषाढ मसान्तसम्म सबै प्रकारका लोड बेयरिङ्ग घरहरुको नक्सा पास नगरी सम्बन्धित वडाको सिफारिसको आधारमा स्थायी आवास निर्माण गर्न अनुमति प्रदान गरिएको छ । RCC र स्ल्यब ढलानबाट निर्माण हुने घरहरुमा २०७५ आषाढ मसान्तसम्म २५% छुट सहित नक्शा पास गर्ने व्यवस्था गरिएको छ । यसबाट नगरबासीको पुनर्निर्माण कायर्मा केही राहत पुग्ने विश्वास लिइएकोछ ।

संघीय सरकारको निर्णयानुसार स्वास्थ्य, शिक्षा, कृषि, पशु सेवा, आयुर्वेद, महिला तथा बालबालिका लगायतका विषयगत कार्यालयहरु यस नगरपालिकामा समावेश भएको अवस्थामा उल्लेखित कार्यालयहरुको व्यवस्थापन गर्ने कार्य गरिएको छ  । विषयगत कार्यालयहरुबाट प्रदान गरिदै आएको सेवामा अझ प्रभावकारी ढंगबाट संचालन गर्नको लागि केन्द्र सरकारबाट प्राप्त भएको शशर्त अनुदान र नगरपालिकाको आन्तरिक आयबाट स्वास्थ्य तर्फ औषधि खरिद गरी नगरपालिका अन्तर्गतका सबै स्वास्थ्य संस्थाहरुमा वितरण वितरण गरिएको छ  । राष्ट्रिय कार्यक्रम अन्तर्गत बाल भिटा, भिटामिन ए, जुकाको औषधि वितरण, न्यानो झोला वितरण तथा आमा सुरक्षा कार्यक्रमलाई थप प्रभावकारी बनाउन विभिन्न प्रकारका तालिम तथा गोष्ठिको आयोजना गरिएको छ ।

कृषि विकास तर्फ कृषि विकास कोषको स्थापना गरी संघीय सरकारबाट प्राप्त भएको शशर्त रकमबाट विभिन्न किसिमका कृषि यन्त्र उपकरण, प्लाष्टिक टनेल, फलफुलको विरुवाहरु खरिद गरी वितरण गरिएको छ । जनताको आर्थिक स्तर वृद्धिको लागि किवी खेती र कागतीको विरुवा लगाउनको लागि आवश्यक सहयोग गरिएको छ । पशु सेवा कार्यक्रम तर्फ पशुपालक कृषकहरुलाई तालिमको व्यवस्था गरिनुको साथै जै घाँसको बिउ वितरण गरिएको छ । पशु उपचारको लागि औषधि खरिद गर्ने कार्य गरिएको छ । पशु सेवा अन्तर्गत कृत्रिम गर्भाधान प्रशारका लागि होर्डिङ बोर्डको व्यवस्था गरिएकोछ ।

स्थानीय सरकार संचालन ऐन बमोजिम नगरपालिकाले आधारभूत तहको कक्षा ८ को अन्तिम परीक्षा संचालन गर्ने कार्य सम्पन्न गरिएको छ । मेलम्ची नगरपालिका क्षेत्र भित्रका विद्यालयहरु बीच हाजिरी जवाफ प्रतियोगिता संचालन गर्नुका साथै शिक्षामा आधुनिक पद्धतिको प्रयोग टकिङ्ग पेन वितरण र सो सम्बन्धमा थप तालिम तथा गोष्ठिहरुको आयोजना गरी सहजिकरण समेत गरिएको छ । नगरपालिका अन्तर्गतका केही विद्यालयहरुको भवन निर्माणमा समेत सहयोग गरिएको छ ।

चलु आ.व.मा महिला लक्षित कार्यक्रम संचालन गर्नुका साथै संविधान दिवश, अन्तराष्ट्रिय बालश्रम विरुद्धको दिवश, अन्तराष्ट्रिय महिला दिवश, विश्व उपभोक्ता दिवश लगायतका दिवशहरु मनाइएको छ । महिला तथा बालबालिका कार्यालयबाट प्रदान गरिदै आएको ज्येष्ठ नागरिक परिचय पत्र वितरणको कार्य शुरु गरिएको छ ।

**(५) प्रशासनिक व्यवस्थापन :**

नगरपालिकाले सिमित श्रोत साधन र कर्मचारीहरुको बाबजुत पनि नगरपालिका र वडा कार्यालयहरुबाट दिइने सेवालाई प्रभावकारी बनाइएको छ । नगरपालिका र अन्तर्गतका वडाहरुबाट जनताका गुनासो व्यवस्थापन, विभिन्न प्रकृतिका देवानी मुद्धा तथा उजुरीहरुको न्यायको सिद्धन्तको आधारमा किनारा लागाउने कार्य गरिएको छ । नागरिक वडापत्रको व्यवस्थापन, भूकम्प पीडित लाभग्राहीहरुको अनुदान प्राप्तीको सहज व्यवस्था गरिएको छ ।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको स्वीकृत अन्तरिम संगठनात्मक ढाँचा बमोजिम आवश्यक कर्मचारीहरुको व्यवस्थापन गरिएको छ । यस कार्यालय अन्तर्गत रहेका विषयगत कार्यालयहरु कृषि, पशु विकास, स्वास्थ्य, शिक्षा, महिला तथा बालबालिका लगायतबाट आम नागरिकहरुलाई सहज रुपमा सेवा प्रदान गरिएको छ ।

प्रशासनिक क्षेत्रमा सुशासन कायम गर्नको लागि इलेक्ट्रोनिक हाजिरी प्रणालीको व्यवस्था गरिएको छ । यसबाट कर्मचारीहरुमा कार्यालय नियमितता, सुशासन, सदाचार र कर्तव्यबोधको भावना सिर्जित भएको छ । यो प्रशासनिक सुधारको महत्वपूर्ण पाटो हो ।

**(६) भवन तथा पुनर्निर्माण तर्फ :**

मेलम्ची नगरपालिकाले बस्ती विकास र भवन निर्माण कार्यलाई व्यवस्थित र सुरक्षित बनाउनको लागि स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २७ मा भएको व्यवस्था, भवन ऐन, २०५५, भवन संहिता

२०६० र मेलम्ची नगरपालिकाको भवन निर्माण मापदण्ड २०७२ पूर्ण रुपमा लागु गरिएको छ । सोही ऐन र मापदण्ड भित्र रही यस नगर भित्रका मार्गहरुको क्षेत्राधिकार  र खोला खोल्सीको मापदण्ड तोकिएको छ ।

नक्शा पासको प्रक्रिया पूरा गरी र वडाको अनुमतिको आधारमा नगरपालिका भित्र जम्मा १०,३०२ वटा घरहरु निर्माण सम्पन्न भएका छन् भने ८५% घरहरुको जग निर्माण कार्य सम्पन्न भएको छ ।

पुनर्निर्माण कार्यमा सहजिकरण गर्नको लागि ईटा सिमेन्ट र ढुंगा माटोको जोडाईबाट बन्ने जस्ताका छाना भएका घरहरु २०७५ आषाढ मसान्त सम्मको लागि नक्सा पास नगरीकन सम्बन्धित वडाको सिफारिसको आधारमा निर्माण गर्न अनुमति दिने कार्य गरिएको छ ।

२०७२ साल वैशाख १२ गते गएको विनाशकारी भूकम्पबाट यस नगरपालिकाका करिव  १२५६४ घरधुरी पूर्ण रुपमा क्षति भएकोमा उक्त कार्यको पुनर्निर्माणमा केही राष्ट्रिय तथा अन्तराष्ट्रिय गैह्र सरकारी संस्थाहरुले सहयोग पुऱ्याउदै आएका छन् । मेलम्ची नगरपालिका वडा नं १२ स्थित गिरान्चौरमा मेलम्ची नगरपालिका र तिलगंगा ग्लोबल फेण्स्को सहयोगमा सामुदायिक पुनर्निर्माण पर्यटन प्रवर्द्धन परियोजना समिति मार्फत एकिकृत बस्ती निर्माणको थालनी भएको छ । सोही वडाको नाम्डोलिङ्ग बस्तीमा चौधरी फाउण्डेशनबाट एकिकृत बस्ती निर्माणमा समझदारी भएको छ । राष्ट्रिय पुनर्निर्माण प्राधिकरण र मेलम्ची नगरपालिकाको सहयोगमा मेलम्ची नगरपालिका वडा नं. ११ स्थित जरायोटार एकिकृत बस्ती निर्माणको थालनी भएको छ । महिला आत्म निर्भरता केन्द्र, अक्सफाम नेपाल र यस नगरपालिकाको समन्वयमा मेलम्ची नगरपालिका वडा नं. १२ स्थित थाक्ले एकिकृत बस्तीको शुरुवात गरिएको छ । त्यसैगरी मेलम्ची नगरपालिका वडा नं. ६ र वडा नं. ३ मा स्थानीय समुदायको पहल र नगरपालिकाको सहयोगमा एकिकृत बस्तीहरु निर्माणको थालनी गरिएको छ । मेलम्ची नगरपालिकाका असाहय र आर्थिक रुपमा विपन्न परिवारको लागि यस नगरपालिकाको समन्वयमा हेल्भेटास नेपाल र केयर नेपालको आर्थिक सहयोगमा स्थायी आवास पुनर्निर्माणमा गर्ने कार्य गरिएको छ ।

मेलम्ची नगरपालिकाका १२५६४ लाभग्राहीहरु मध्ये १२३१२ जनाले भूकम्पपीडित लाभग्राही सम्झौता गरेका छन् । जसमध्ये ११५५८ जना लाभग्राहीहरुले प्रथम किस्ता, ७३४५ जना लाभग्राहीहरुले दोश्रो किस्ता र २४७३ जना लाभग्राहीले अन्तिम किस्ता अनुदान प्राप्त गरेका छन् ।

**(७) वातावरण संरक्षण तथा फोहरमैला व्यवस्थापन :**

मेलम्ची नगरपालिकाका बजार क्षेत्रबाट उत्पादन/संकलन भएका फोहरमैलाहरुको उचित व्यवस्थापनको लागि फोहरमैला डम्पिङ्ग साइटको पहिचान गर्ने कार्य भैरहेको छ  । फोहरमैला व्यवस्थापनको लागि मेलम्ची नगरपालिका वडा नं. ११ को डुँडेखोला बोकेरुम्टीमा निर्माण गरिएको डम्पिङ्ग साइटमा फोहरमैला व्यवस्थापन गर्न अवरोध सिर्जना भएकोले तत्काललाई बजार क्षेत्रको फोहरमैला बगर क्षेत्रमा खाल्डो खनी अस्थायी रुपमा व्यवस्थापन गरिएको छ ।

## (८) पर्यटन :

मेलम्ची नगरपालिका क्षेत्रलाई पर्यटन क्षेत्रको रुपमा विकास गर्नको लागि रु. ५० लाखको पर्यटन विकास कोष स्थापना गरिएको छ । मेलम्ची नगरपालिका वडा नं. १, २, ३ र ८ लगायत सुलिकोट, धुसेनीचौर धौले, गुफा चांखु, ओखेनी चौर, ककनी लगायत नगरपालिका भित्रका अन्य संभावित स्थानहरुको एकिकृत पर्यटन विकासका लागि संभाव्यता अध्ययन शुरु गरिएको छ । मेलम्ची नगरपालिका वडा नं. २ स्थित तपचुली भ्यू टावर निर्माणको DPR कार्य थालनी गरिएको छ । मेलम्ची नगरपालिकामा पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले मेलम्ची ग्रिन सिटी पार्कको निर्माण कार्य भइहरेको छ । यसबाट आन्तरिक तथा वाह्य पर्यटनको विकासमा टेवा पुग्नुको साथै नगरको आन्तरिक आम्दानीमा समेत वृद्धि हुन जानेछ ।

## (९) पूर्वाधार तर्फ :

भूकम्प पश्चातको पुनर्निर्माण कार्यलाई सहज बनाउन मेलम्ची नगरपालिका सबै वडाहरुमा सडकको ट्र्याक निर्माण र चौडा गर्ने कार्य गरिएको छ । मेलम्ची नगरपालिकाको फट्केश्वर देखि फटकशीला छाप भञ्ज्याङ्गसम्मको सडक क्रसर उद्योग व्यवसायीसंगको समन्वय र सहयोगमा चौडा गर्ने कार्य गरिएको छ । यसबाट मेलम्ची देखि काठमाडौंसम्मको यातायात सेवामा सहजता आएको छ । नगर चक्रपथको सम्भाव्यता अध्ययन गरी चक्रपथ निर्माण गर्न आवश्यक देखिएकोले यसै आ.व.बाट नगर चक्रपथ निर्माणको कार्य थालनी गरिएको छ, फटकशिला खानेपानी निर्माणको शुरुवात, नगरपालिका भवन निर्माणको शूरुवात, वडा नं. ५, ७ , ८ र १० का वडा कार्यालय भवन निर्माण गर्ने कार्य गरिएको छ । भञ्ज्याङ्ग ठाँटी पँधेराचौर फट्केश्वर सडक, सिन्धुखोल गिरान्चौर खाल्ले सडक, भदौरे धुसेनीचौर मानेभञ्ज्याङ्ग नेपाने सडक र सिन्धुकोट चनौटे थाक्ले डडुवा कटुञ्जे मानेभञ्ज्याङ्ग सडकको DPR निर्माण सम्पन्न भएको छ । उज्यालो शहर निर्माणको लागि सौर्य सडक बत्ती जडान भएका छन् ।

आ.व. २०७४/७५ मा मेलम्ची बजार देखि मेलम्ची न.पा. वडा नं. ११ को पञ्चकन्या मन्दिरसम्म पिच निर्माण गर्ने कार्यको टेण्डर प्रक्रिया भई सम्झौता गरिएको छ । नगरपालिका अन्तर्गतका मेलम्ची धुसेनीचौर सडक, छापभञ्ज्याङ्ग ठाँटी सडक, दाउचेत केउरेनी सडक, मेलम्ची ज्यामिरे सडक, मेलम्ची डडुवा सडक, मानेभञ्ज्याङ्ग धुसेनी सिन्धुकोट सडकहरु चौडा गर्ने कार्य सम्पन्न गरिएको छ ।

काठको पोल विस्थापित गर्ने नीति अनुसार नगरपालिका अन्तर्गतका वडाहरुमा फलमे विद्युत पोलहरु वितरण गरिएको छ ।

खेलकुद क्षेत्रलाई प्रोत्साहन गर्ने नीति अनुसार मेयरकप भलिबल प्रतियोगिता आयोजना गर्नुको साथै अन्य खेलकुदका क्षेत्रमा समेत नगरपालिकाबाट आवश्यक सहयोग र सहकार्य भएको छ । साथै एक वडा एक खेलकुद मैदान निर्माण गर्ने नीति अनुरुप मेलम्ची नगरपालिकाको वडा नं. ११ बाट खेलकुद मैदान निर्माणको थालनी गरिएको छ ।

### (१०) ऐन, कानून तथा नीति नियम निर्माण :

नेपालको संविधान २०७२, ले अंगिकार गरेका सिद्धान्त, नीति र स्थानीय सरकार संचालन ऐन, २०७४ मा भएको व्यवस्था बमोजिम मेलम्ची नगरपालिका कार्यालयबाट चालु आ.व.२०७४/७५ मा तपशिल बमोजिमका विधेयक, नियम, कार्यविधि तथा निर्देशिकाहरु निर्माण गरिएको छ ।

तपशिल

१. विनियोजन ऐन, २०७४

२. आर्थिक ऐन, २०७४

३. शिक्षा विधेयक, २०७४

४. उपभोक्ता समिति गठन कार्यविधि, २०७४

५.पर्यटन विकास कोष संचालन कार्यविधि, २०७४

६. कृषि विकास कोष संचालन कार्यविधि, २०७४

७. “घ” वर्गको इजाजत दर्ता सम्बन्धी कार्यविधि, २०७४

८. बजार अनुगमन निर्देशिका, २०७४

९. एकिकृत सम्पत्ति कर व्यवस्थापन कार्यविधि, २०७४

१०. स्थानीय राजपत्रको नमूना प्रकाशन सम्बन्धी कार्यविधि, २०७४

११. मेलम्ची नगरपालिकाको आन्तरिक आय संकलन (ठेक्का बन्दोबस्त) सम्बन्धी कार्यविधि, २०७५

### (११) राष्ट्रिय तथा अन्तराष्ट्रिय गैसस :

मेलम्ची नगरपालिका भित्र कार्यक्षेत्र बनाई कार्य गरिरहेका हेलभेटास नेपाल, कारितास स्वीजरल्याण्ड, केयर नेपाल, नेपाल रेडक्रस सोसाइटी, जाईका, चाइल्ड नेपाल, महिला आत्मनिर्भरता केन्द्र, सि यस् आर सि, सिडिइसिएफ, रेष्ट नेपाल लगायतका गैससहरुबाट समेत नगरपालिका अन्तर्गतका पूर्वाधार निर्माण र क्षमता अभिवृद्धि गर्ने खालका कार्यक्रममा सहयोग भएको छ । मेलम्ची नगरपालिकाले नगरभित्र कार्यक्षेत्र बनाई कार्य गरिरहेका राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरहकारी संस्थाहरुसंग समन्वय र सहकार्य गरी कार्य गरिरहेको छ । नगरपालिकाको सिमित श्रोत साधन भएको अवस्थामा समृद्ध नगर निर्माणको लागि गैर सरकारी संस्थाहरुको प्रभावकारी भूमिका अझ बढि देखिन्छ ।

# आ.व. २०७५/७६ को नीति तथा कार्यक्रम

स्थानीय तहको निर्वाचनबाट निर्वाचित भई हामीले मेलम्ची नगरपालिकाको नेतृत्व सम्हालेको १ वर्ष व्यतित भएको छ । सो अवधिमा हामीले **वार्षिक नग**र सभा संचालनको शुरुवात गरेका छौं । यसै सन्दर्भमा आगामी आ.व. २०७५/७६ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न गइरहेको छु ।

आदरणीय उप-प्रमुखज्यू एवं नगर सभाका सदस्यज्यूहरु,

आ.व. २०७५/७६ का लागि नीति तथा कार्यक्रम तर्जुमा गर्दा निम्न लिखित नीति तथा आधारहरु अवलम्बन गरिएको व्यहोरा जानकारी गराउँदछु ।

- नेपालको संविधान, २०७२ र स्थानीय सरकार संचालन ऐन, २०७४ ले परिलक्षित गरेको निर्देशक सिद्धान्त र नीतिहरु ,
- संघीय सरकार र प्रदेश सरकारका मन्त्रालयबाट समय-समयमा प्राप्त भएका मार्गदर्शन तथा निर्देशनहरु,
- टोल भेला, वडा जनप्रतिनिधीको प्राथमिकताहरु, विषयगत समिति तथा एकीकृत योजना तर्जुमा प्रक्रियाद्वारा प्राथमिकीकरण सहित प्राप्त योजना तथा कार्यक्रमहरु,

## क्षेत्रगत नीति तथा कार्यक्रमहरु :

क) आर्थिक विकास :

- नेपालको संविधान २०७२ को आधारमा मेलम्ची नगरपालिकाको आर्थिक ऐन निर्माण, संघ तथा प्रदेश सरकारसंग समन्वय तथा सहकार्य, जिल्ला समन्वय समितिसँग समन्वय, स्थानीय सरकार संचालन ऐन, २०७४ ले व्यवस्था गरेका काम, कर्तव्य र अधिकारको सिमा भित्र रही प्रचलित ऐन कानुन तथा संघीय र प्रदेश सरकारद्वारा जारी गरिएका नीति, मार्गदर्शन र कार्यविधि बमोजिम राजश्व संकलनलाई व्यवस्थित गरी राजश्व अभिवृद्धि गर्ने नीति लिइनेछ ।
- "मेलम्ची समृद्धिको आधार : कृषि, पर्यटन र जलाधार " को मूल भावनालाई विकास नीतिको रुपमा अवलम्बन गरिनेछ ।
- यस नगरक्षेत्र भित्र बसोबास गर्ने नगरबासीहरुको आर्थिक क्षमता, उत्पादनको अवस्था र अन्य नगरपालिकाहरुले लागु गरेका करका दरको तुलनात्मक अध्ययन तथा प्रचलित ऐन नियमका आधारमा करका दरहरु निर्धारण गरिनेछ ।

- नगरपालिकाको दीर्घकालीन र क्षेत्रगत विकास गर्न स्थायी प्रकृतिका पर्यटन विकास कोष, कृषि विकास कोष लगायत आवश्यकताका आधारमा अन्य वित्तीय कोषहरु खडा गरी कृषि, पर्यटन र जलश्रोत प्रर्वद्धन गरिनेछ ।
- नगरपालिकाबाट सेवा शुल्क निर्धारण गर्दा सामाजिक न्यायको आधारमा उपेक्षित वर्गका लागि सहुलियत हुने गरी तोकिए बमोजिम सेवा शुल्क निर्धारण गरिनेछ ।
- नगरपालिकाको बार्षिक बजेट तथा कार्यक्रममा उल्लेखित कार्यक्रम तथा योजनाहरु कार्यान्वयन गर्ने क्रममा सम्बन्धित निकायबाट स्रोतमा थपघट वा परिमार्जन भएमा सोही बमोजिम गरिनेछ ।
- नगरपालिका र अन्तर्गतका सबै वडा कार्यालयमा सफ्टवेयर जडान गरी आर्थिक कारोवारलाई पारदर्शी एवं व्यवस्थित गरिनेछ । साथै, वडा कार्यालय र नगारपालिका कार्यालय बीच E-Linkange कायम गरिनेछ, ।
- राजस्वका थप स्रोत पहिचान गरी आन्तरिक राजस्व वृद्धि गर्ने नीति लिइनेछ ।
- राजस्व संकलन, " भार होइन, नगर समृद्धिको आधार हो" भन्ने चेतना जागरण गराउन राजश्व सचेतना अभियान सञ्चालन गरिनेछ
- आन्तरिक राजस्व वृद्धि गरी नगरलाई समृद्ध बनाउनको लागि २०७५ श्रावण १ देखि एकिकृत/ सम्पत्ति कर लागु गरिनेछ ।
- स्थानीय उद्योग तथा व्यवसाय प्रवर्द्धन र रोजगारी सिर्जनामा टेवा पुऱ्याउने कारदाता मैत्री कर नीति अवलम्बन गरिनेछ ।
- राष्ट्रिय तथा प्रादेशिक प्राथमिकता र स्थानीय आवश्यकतालाई मध्यनजर गरी प्रक्षेपित स्रोत साधनको सन्तुलित वितरणको खाका तयार गर्ने नीति लिइनेछ ।
- संघीय तथा प्रादेशिक सरकारबाट प्राप्त मार्गदर्शन र स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधारहरु तय गर्ने नीति अवलम्बन गरिनेछ ।
- अर्थतन्त्रका तीन स्तम्भहरु सार्वजनिक, निजी र सहकारी क्षेत्रलाई सहभागिता, स्वतन्त्र विकास र परिपूरक भूमिका मार्फत नगरको अर्थतन्त्रलाई सुदृढ गर्दै समृद्धिको मार्गतर्फ आर्थिक नीतिहरु केन्द्रित गरिनेछ ।
- उद्योग वाणिज्य संघ, निर्माण व्यवसायी संघ लगायत सरोकारवाला संघसंस्थाको सहकार्यमा व्यापार प्रवर्द्धन गर्ने नीति अवलम्बन गरिनेछ ।
- मेलम्ची नगरपालिकाको बाहुनेपाटी क्षेत्रलाई व्यापारिक क्षेत्र र मेलम्ची क्षेत्रलाई प्रशासनीक क्षेत्रको रुपमा विकास गरिनेछ ।

**(ख) सामाजिक विकास :**

- यस मेलम्ची नगरपालिकालाई खुल्ला दिशामुक्त क्षेत्र घोषणा गर्ने अभियान सञ्चालन गर्न नगर तथा वडा स्तरिय खानेपानी, सरसफाई तथा स्वच्छता समन्वय समिति गठन गरी सकिएकोमा ३ बर्ष भित्रमा यस नगरपालिकाक्षेत्रलाई खुला दिशामुक्त क्षेत्र घोषणा गरिनेछ ।

- सरकारी तथा गैरसरकारी विकास साझेदारहरुसँगको सहकार्यमा घर-घरमा शौचालय बनाउने अभियानलाई थप प्रभावकारी बनाउनुका साथै बजार क्षेत्रका सार्वजनिक स्थानहरुमा सार्वजनिक शौचालय बनाउन पहल गरिनेछ । शौचालय नबनाउने व्यक्तिहरुलाई नगरपालिकाबाट उपलब्ध गराउने सेवा सुविधा रोक्का गर्न सकिने नीति लिइनेछ ।
- यस नगरक्षेत्रलाई प्लाष्टिकमूक्त क्षेत्र घोषणा गर्न आवश्यक पहल गरिनेछ ।
- मेलम्ची नगरको फोहरमैला व्यवस्थापन गर्न स्थायी ल्याण्डफिल्ड साइट खोजी गरी प्रयोगमा ल्याइनेछ ।
- वातावरण मैत्री स्थानीय शासनको प्रारुपमा उल्लेखित नगरपालिकाको लागि तोकिएका सूचकहरु कार्यान्वयनको लागि स्थानीय तहमा कार्यरत गैर सरकारी संस्थासँग सहकार्य गर्नुका साथै वडा समिति र टोल विकास संस्थाहरुको परिचालन गरी  सूचकहरु कार्यान्वयनमा ल्याइनेछ ।
- यस नगरलाई सफा उज्यालो बनाउनको लागि सौर्य उर्जा मार्फत उज्यालो सहर बनाउने नीतिलाई निरन्तरता दिइनेछ ।
- वित्तीय सेवामा सबै नगरवासीको पहुँच सुनिश्चित गर्न प्रोत्साहन गर्दै सबै नगरवासीलाई बैङ्क मार्फत कारोवार गर्न प्रोत्साहन गरिनेछ ।
- समुदायमा रहेको साधन, स्रोतको संगठितरुपमा परिचालन गरी सामाजिक रुपान्तरण र समन्यायिक आर्थिक वृद्धिमार्फत समुदायको सशक्तीकरण गर्न सहकारी अभियानलाई व्यवस्थित गर्दै लगिनेछ ।

- नगरपालिकाद्वारा सञ्चालन गरिने सीप तथा स्वरोजगारमूलक क्षमता अभिवृद्धिका कार्यक्रमहरु लागत सहभागिताको आधारमा सम्बन्धित सरकारी निकाय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरुको सहकार्यमा सञ्चालन गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।
- समुदायमा हुने विवाद समाधान गर्न मेलमिलाप गर्ने नीति अख्तियार गर्दै सामुदायिक मेलमिलाप केन्द्रलाई क्रियाशील बनाउने कार्यक्रम सञ्चालन गरिनेछ ।
- लागू औषध दुर्व्यसनी न्यूनीकरण गर्न त्यस सम्बन्धी संघ संस्थाहरुको सहकार्यमा कार्य गरिनेछ ।
- नगरपालिका क्षेत्र भित्र विभिन्न संघ संस्थाहरुद्वारा संचालित कार्यक्रमहरुलाई नगरपालिकाको दायराभित्र ल्याई कार्य गराउँन आवश्यक पहल गरिने छ ।

- आगलागी, बाढी पहिरो भूक्षय जस्ता जोखिम न्यूनीकरणका लागि आवश्यक कानून तयार गरी कार्य गरिनेछ ।
- मेलम्ची नगरक्षेत्र भित्र रहेका महिला, अपाङ्ग, जेष्ठ नागरिक, बालबालिका र पिछडिएको वर्गको छुट्टाछुट्टै सञ्जाल गठन गरी उक्त सञ्जालहरुको समन्वयमा लक्षित कार्यक्रम तर्जुमा गर्ने नीति अवलम्बन गरिनेछ ।
- महिला, एकल महिला, वालवालिका, दलित, जनजाति, अपाङ्ग, असहाय र पछाडि परेका समुदायको उत्थानका लागि लक्षित वर्ग कार्यक्रम अन्तर्गत सम्बन्धित क्षेत्रमा क्रियाशिल संघ संस्थासंगको सहकार्यमा सशक्तिकरण लगायत आवश्यक कार्यक्रमहरु सञ्चालन गर्ने नीति लिइनेछ ।
- विकासका दृष्टिले पछाडि परेका वडा तथा क्षेत्रको समानुपातिक एवम् सन्तुलित विकासका लागि ती क्षेत्रका समुदायले जुटाउनुपर्ने लागत सहभागिताको भारलाई कम गर्न सकारात्मक बिभेदको नीतिलाई अगाडि बढाइनेछ ।
- नगर क्षेत्रभित्र अनाथ वालबालिका, अपाङ्ग, बौद्धिक अपाङ्गता, मानसिक सन्तुलन गुमाएका तथा वृद्धवृद्धाको उचित व्यवस्थापन तथा स्याहारका लागि आवश्यक सेवा केन्द्र सञ्चालन गर्ने संघ सस्थालाई सहयोग गर्ने नीति अवलम्वन गरिनेछ ।
- यस नगरलाई बालमैत्री नगर बनाउनको लागि बालमैत्री स्थानीय शासनको अवधारणा अनुसार बालमैत्री कार्यक्रम सञ्चालन गर्नुका साथै बालश्रम रहित नगर बनाउने नीति लिइनेछ ।
- घाट, चिहानहरुको व्यवस्थापन र पाटी पौवाहरुको निर्माण गर्ने नीति लिइनेछ ।
- महिला, दलित, अपाङ्ग तथा पछाडि परेका व्यक्तिहरुलाई खरिदार तथा ना.सु. पदको लोक सेवा तयारी कक्षा संचालन तथा व्यवस्थापन गर्ने नीति लिइनेछ ।

**कृषि, पशु विकास र जनस्वास्थ्य :**

- कृषि, पशु र जनस्वास्थ्य सेवाको लागि संयुक्त सेवा केन्द्रको नीति अबलम्बन गरिनेछ । सोही नीति अनुसार आ.व. २०७५/७६ मा मेलम्ची नगरपालिका वडा नं. ४ को देउराली काउले क्षेत्रमा संयुक्त सेवा केन्द्र स्थापना गरिनेछ ।
- कृषिमा आधुनिकीकरण तथा व्यवसायीकरण गर्दै उत्पादकत्व बृद्धि गरी यस नगर क्षेत्रलाई विषादी रहित अर्गानिक तरकारी, खाद्यान्न, दुग्ध र मासुजन्य पदार्थमा आत्मनिर्भर बनाउने नीति लिइनेछ ,
- मेलम्ची नगरपालिका भित्र तरकारी, किवी तथा नगदेबाली उत्पादनको पकेटक्षेत्र निर्धारण गरी विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।

- कृषिमा आधुनिक पद्धतिको विकासको लागि यन्त्र उपकरण खरिदमा आवश्यकता अनुसार अनुदान दिइनेछ ।
- मल, बीउ, सिंचाई, प्रविधि र कृषि उपजको बजारको सुनिश्चितता कायम गरिने छ । बाली तथा पशु बीमामा किसानको सर्बसुलभ पहुँच पुग्ने व्यवस्थाको लागि समन्वय गरिनेछ । यसका लागि निजी क्षेत्र, समूह र सहकारी संस्थाहरुलाई समेत परिचालन गरिनेछ ।

- सार्वजनिक, सहकारी र निजी क्षेत्रको साझेदारीमा पशु नश्लकेन्द्र विकास गरी उन्नत जातका गाई, भैँसी, बाख्रा लगायतका पशुपंक्षीहरुको उत्पादन तथा वितरणलाई व्यवस्थित गरिनेछ ।
- आधुनिक बधशाला सञ्चालन गर्ने नीति अवलम्बन गरिनेछ ।
- कृषितर्फ मुख्य खाद्यवस्तुहरुको उत्पादनमा वृद्धि गरी मेलम्ची नगरपालिकालाई खाद्यन्नमा आत्मनिर्भर बनाई खाद्य सुरक्षा हासिल गराउने नीति अवलम्बन गरिनेछ ।
- मेलम्ची नगरपालिकाभित्र रहेका कृषि सहकारी संस्थाहरुसंग सहकार्य गरी माटो परिक्षण अभियान संचालन गरिनेछ ।
- कृषि उपज संकलन केन्द्रको स्तरवृद्धि गर्दै लगिनेछ ।
- कृषि पकेट क्षेत्रहरुको पहिचान गरी सो को विस्तार गर्ने र जीवन निर्वाहमुखी कृषि पेशालाई व्यवसायी मुखी कृषि पेशाको रुपमा लैजाने नीति अवलम्बन गरिनेछ ।
- कृषि बाली संरक्षण गरी बाँदर नियन्त्रण गर्न आवश्यक पहल गर्ने नीति लिइनेछ ।
- नगरस्तरीय स्वास्थ्य सेवा विकास गर्न आवश्यक पहल गरिनेछ । नगरका दुई स्थानमा शहरी स्वास्थ्य क्लिनिकको स्थापना भएकोमा यसलाई विस्तार गर्दै लगिनेछ ।
- आमा सुरक्षा कार्यक्रमलाई निरन्तरता दिंदै नगरभित्रका बर्थिङ सेन्टरहरुमा सुत्केरी गराउने नगरपालिका भित्रका सुत्केरी आमाहरुलाई तीन महिनासम्म मासिक रु. एक हजारका दरले पोषण भत्ता उपलब्ध गराइनेछ ।
- नगरपालिका अन्तर्गतका बर्थिङ सेन्टर र पोष्टमार्टम कार्यमा संलग्न कर्मचारीहरुलाई कार्यसम्पादनको आधारमा प्रोत्साहन गर्ने नीति लिइनेछ ।
- नगरपालिका भित्र थप बर्थिङ सेन्टरहरुको स्थापना गरी स्तरवृद्धि समेत गर्दै लगिने नीति अवलम्बन गरिनछ ।
- नगरपालिका भित्र रक्तदान कार्यक्रमको आयोजना गर्ने र रक्त समूह परीक्षण गर्ने नीति लिइनेछ ।
- स्वास्थ्य केन्द्र व्यवस्थापन समितिको क्षमता अभिवृद्धि गर्दै लगिनेछ ।
- एक वडा एक स्वास्थ्य केन्द्र स्थापना गर्ने नीति लिई क्रमश कार्यान्वयन गर्दै लगिनेछ ।
- स्वास्थ्य बिमा कार्यक्रम संचालन गर्ने नीति लिइनेछ ।

- नगरपालिका क्षेत्र भित्र रहेका प्राथमिक स्वास्थ्य केन्द्र तथा स्वास्थ्य चौकीहरुमा आधारभूत औषधि तथा स्वास्थ्य उपचारका लागि उपकरणहरुको व्यवस्था मिलाई नगरवासीको स्वास्थ्य सुरक्षा कायम गर्न समुचित व्यवस्था मिलाइनेछ ।

**शिक्षा तथा खेलकुद विकास :**

- आधारभूत शिक्षामा बहु कक्षा बहु शिक्षण पद्धतिलाई प्राथमिकता दिइने नीति अवलम्बन गरिनेछ ।
- विद्यालयहरुलाई बालमैत्री, अपाङ्गमैत्री बनाउने नीतिलाई निरन्तरता दिइनेछ ।
- शैक्षिक गुणस्तरका सूचकहरु तयार गरी सो को आधारमा विद्यालयको शैक्षिक गुणस्तर मापन गर्ने परिपाटीको विकास गर्दै लगिनेछ ।
- नगरका विद्यालयहरुमा प्राविधिक तथा व्यवसायिक शिक्षा संचालनमा प्राथमिकता दिदै आधुनिक पद्धति मार्फत अध्ययन अध्यापन गराउन प्रोत्साहन गरिनेछ ।
- नगरका माध्यामिक विद्यालयहरुमा एक मा.वि. एक करेसावारी स्थापनाको लागि प्रोत्साहन गर्ने नीति लिइनेछ ।
- नगर सूचना केन्द्रको प्रभावकारी व्यवस्थापन गरि संचालन गर्न सहयोग गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।
- नगर क्षेत्रमा शैक्षिक गुणस्तरका लागि भौतिक पूर्वाधार लगायतका पक्षमा सहयोग गर्ने नीति अवलम्वन गरिनेछ ,
- नगर क्षेत्रको खेलकुद विकासका लागि नगर खेलकुद विकास समिति गठन गरिनेछ र खेलकुद कार्यक्रमलाई प्रभावकारी बनाउँन नगर क्षेत्रका युवाहरु र क्रियाशिल क्लबहरुसंग समन्वय गरी खेलकुदका कार्यक्रमहरु संचालन गरिनेछ ।
- खेलाडीको क्षमता र खेलको स्तरवृद्धि गर्नुका साथै खेलमैदान निर्माण गरिनेछ ।

**सूचना तथा संचार :**

- राज्यको चौथो अंगको रुपमा रहेको सञ्चार जगतलाई साझेदारी अवधारणा अनुसार सहयोग गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।
- पत्रकारिता क्षेत्रको प्रर्वद्धन एवम् विकासका लागि पत्राकार महासंघ लगायत संचारसंग सम्बद्ध निकायहरुसंग समन्वय गरि संचारमैत्री कार्यक्रम सञ्चालन गर्ने नीति लिइनेछ ।

**पर्यटन विकास :**

- नगरको पर्यटन बिकासका लागि एकिकृत नगर विकास गुरु योजना (Integrated Master Plan) तयार गर्दा पर्यटन गुरु योजना समेत समावेश गरी तयार गरिनेछ । सो गुरुयोजनाको आधारमा पिक्निक स्पोर्ट, पार्क, होम स्टे, भ्यू टावर लगायतको ब्यवस्थापन गर्ने नीति लिइनेछ,
- कला, संस्कृति, साहित्य, मठ, मन्दिर र गुम्बाको संरक्षण, संम्वर्द्धन तथा प्रबर्द्धन गर्दै नगरको पर्यटन विकासमा जोड दिइनेछ ।
- पर्यटन पूर्वाधार निर्माण, प्रचार प्रशार र पर्यटकीय सेवा सुविधाको विस्तार गर्ने नीति अवलम्बन गरिनेछ ।
- मेलम्ची नगर क्षेत्रका धुसेनी, धौले, गुफा चाँखु, हैवुङ्ग, भोटेचौर, ककनी, मेलम्ची सिटी पार्क लगायतका पर्यटकीय क्षेत्रहरुको विकास र विस्तार गर्दै लगिनेछ । साथै  यस नगरको पर्यटक ट्रेकिङ रुटको पहिचान गरी आन्तरिक तथा वाह्य पयर्टकको प्रवर्द्धन गरिनेछ ।

**पूर्वाधार विकास :**

आगामी आ.व. २०७५/७६ यस नगरपालिकाको पूर्वाधार विकास तर्फको प्रस्थान विन्दु हुनेछ । आगामी चार वर्षलाई विकास अवधिका रुपमा लिइनेछ । आगामी दस वर्षमा नगरपालिकाले समृद्धिको खुट्किला उक्लिने नीति अवलम्बन गरिनेछ ।

- यस वर्ष छनौट गरिएका योजनाहरुलाई P1, P2 र P3 मा वर्गीकरण गरी P1 मा परेका आयोजनाहरुलाई पहिलो चौमासिकमा, P2 मा परेका योजनाहरुलाई दोस्रो चौमासिकमा र P3 मा परेका योजनाहरुलाई तेस्रो चौमासिक भित्र कार्यान्वयन गर्ने नीतिलाई  निरन्तरता दिइनेछ  ।
- ठूला नदी नियन्त्रण र नदी किनारा संरक्षण गरी नदी किनारामा सडक निर्माण गरिनेछ ।
- नगरपालिका अन्तर्गत निर्माण गरिने सरकारी भवनहरु वातावरण र अपाङ्गमैत्री बनाउँदै लगिनेछ ।
- नगरपालिकाका सबै वडा कार्यालयका भवनहरु व्यवस्थित गर्दै वडा कार्यालयसम्म पुग्ने बाटोलाई स्तरोन्नती गरिनेछ ।
- नगर चक्रपथको ट्र्याक जोड्ने र स्तरोन्नती गरिनेछ ।
- एक वडा एक सामुदायिक भवनको नीति लिइनेछ ।
- नगरपालिका क्षेत्रमा सञ्चालन गरिने पूर्वाधार वा सामाजिक बिकाससँग सम्बन्धित कुनै पनि कार्यक्रम वा योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा सञ्चालन व्यवस्थापन चरणहरुमा सामाजिक तथा वातावरणीय सन्तुलन, प्रकोप व्यवस्थापनका पक्ष समेतलाई ध्यानमा राखी आयोजनाहरुको निर्माण गर्ने नीति अवलम्बन गरिनेछ ।

- भौतिक पूर्वाधार तथा संरचनाको गुणस्तर सुनिश्चतताको लागि सुपरीवेक्षण तथा अनुगमन कार्यलाई नियमित बनाई प्रभावकारी रुपमा अगाडि बढाइनेछ ।
- नगरको समग्र विकास निर्माणमा सार्वजनिक र नीजि साझेदारी (Public Private Partnership) को अवधारणा अवलम्बन गरिनेछ ।
- व्यवस्थित तथा योजनाबद्ध सहरी विकासलाई प्रोत्साहित गर्ने नीति लिइनेछ ।
- नगर क्षेत्र भित्रको सार्वजनिक जग्गाको लगत संकलन गरी संरक्षणको नीति लाई निरन्तरता दिइनेछ ।
- सहरी विकास मन्त्रालय र सहरी विकास तथा भवन निर्माण विभागसँग निरन्तर सहयोग र समन्वयमा रही नगर क्षेत्रमा राष्ट्रिय भवन संहिता लागू गरिएकोमा स्थानीय तह पुर्नसंरचना पश्चात् थप हुन आएका क्षेत्रमा समेत संहिता लागू गरिनेछ।
- सडक तथा यातायात गुरुयोजना तयार गरी कार्यान्वयनमा ल्याउने नीति अवलम्बन गरिनेछ ।
- यस नगरसँग सीमा जोडिएको गाउँपालिका र नगरपालिकासँगको समन्वयमा विकास लगायत विभिन्न सवालमा रणनीतिक साझेदारी कायम गर्दै यस नगरलाई मध्य पहाडी क्षेत्रको शहरको रुपमा विकास गरिनेछ ।
- जल उपयोग गुरुयोजना निर्माण गरी कार्यान्वयन गरिनेछ ।
- नगर भित्रका १३ वटै वडामा एक/एक वटा एकिकृत बस्ती, पार्क/वगैचा, खेलकूद मैदान, सामुदायिक भवन निर्माणको लागि प्रोत्साहित गरिनेछ ।
- नीजि क्षेत्रले जग्गा विकास गर्दा नगरपालिकाबाट पूर्व स्वीकृत लिनुपर्ने नीतिलाई अवलम्बन गरिनेछ ।
    - भूकम्पका कारण भत्किएका निजी आवास तथा सरकारी भवनहरुको पुन:निर्माणको कार्यलाई दुई वर्ष भित्रमा सम्पन्न गर्न प्रोत्साहन गरिनेछ ।
    - कृषि, शिक्षा, स्वास्थ्य, खानेपानी, पूर्वाधार र पर्यटनको विकासद्वारा गरिवी न्यूनीकरण, बेरोजगारी न्यूनीकरण र सकारात्मक विभेदद्वारा महिला, बालबालिका, दलित, जनजाती, आदिवासी, अपाङ्गता भएका व्यक्ति तथा पिछडिएका क्षेत्रको आर्थिक सामाजिक स्थितिमा सशक्तीकरण गर्न उपलब्ध श्रोत साधनहरुलाई समुचित परिचालन गरिनेछ ।

**वातावरण तथा विपद व्यवस्थापन :**

- सार्वजनिक, खाली र पाखो जग्गामा वृक्षारोपण तथा वन व्यवस्थापन गरी हरित क्षेत्रको प्रवर्द्धन गर्ने नीति अवलम्बन गरिनेछ ।

- वन संरक्षण, व्यवस्थापन, दिगो उपभोग र स्वच्छ वातावरणको लागि समुदायमा आधारित वन व्यवस्थापन प्रणाली सुदृढ गरिने छ । जैविक विविधताको संरक्षण, वातावरणीय सेवा र जीविकोपार्जनका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- सामुदायिक वन उपभोक्ता समितिहरुलाई व्यवस्थित र उत्पादनमुखी बनाउँदै लगिने छ ।
- गैरकाष्ठ वन पैदावरबाट आय वृद्धि गर्ने कार्यक्रमहरु संचालन गर्न क्षमता वृद्धि र प्रोत्साहनको नीति अवलम्बन गरिनेछ ।
- नगर क्षेत्र भित्रका सबै घर आँगनमा फल/फुलका विरुवाहरु रोप्न प्रोत्साहित गरिनेछ ।
- निजी क्षेत्रबाट विरुवा उत्पादन गरी वन विकास गर्ने कार्यक्रमलाई प्रोत्साहन गरिनेछ ।
- जडिबुटी प्रजातिको अध्ययन, अनुसन्धान, संरक्षण र प्रवर्द्धन गरिनेछ ।
- वन क्षेत्रको अतिक्रमण र आगलागी नियन्त्रण गर्न आवश्यक कार्ययोजना तयार गरिने छ ।
- विपद पूर्व तयारी तथा प्रतिकार्य योजना, जोखिम न्यूनीकरण कार्ययोजना तयार गरी लागू गर्ने नीति अवलम्बन गरिनेछ ।
- विपद व्यवस्थापनमा संघ, प्रदेश र स्थानीय समुदाय, संघसंस्था, निजी क्षेत्रसँग सहयोग, समन्वय र सहकार्य गर्ने नीति अवलम्बन गरिनेछ ।
- योजना निर्माण गर्दा विपद न्यूनीकरण हुने गरी संचालन गर्ने नीति अवलम्बन गरिनेछ ।
- स्थानीय विपद व्यवस्थापन कार्यक्रम तयार गरी क्रमश कार्यान्वयन गर्दै लगिनेछ ।
- विपद व्यवस्थापन कोष स्थापना गरिएकोमा सो को निरन्तरता दिइनेछ ।
- नगरपालिका भित्र धुँवा रहित चुल्हो निर्माणमा प्रोत्साहन गरिनेछ ।
- नगर क्षेत्रको फोहोरमैला संकलन तथा व्यवस्थापनलाई क्रमश व्यवसथित गर्दै लगिनेछ ।

**<u>संस्थागत विकास, सेवा प्रवाह र सुशासन :</u>**

- नगरपालिकाबाट उपलब्ध हुने सेवाहरु फरक क्षमताका व्यक्तिहरु, ज्येष्ठ नागरिक एवं दृष्टिबिहिनहरुको लागि प्राथमिकताका साथ उपलब्ध गराइनेछ ।
- नगरपालिकाको संस्थागत क्षमता अभिबृद्धि तथा मानव संसाधन विकासका लागि योजना तर्जूमा गरिनेछ ।
- नगरपालिकाबाट सम्पादन हुने कामहरुलाई प्रभावकारी बनाउन प्रचलित कानून बमोजिम विषयगत र क्षेत्रगत निर्देशिकाहरु तर्जुमा गरी कार्यान्वयन गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।
- पारदर्शिता एवम् सुशासनका लागि नगरपालिकासँग सम्बन्धित सूचनाहरुलाई विद्युतीय तथा छापा सञ्चार माध्यमबाट सार्वजनिकीकरण गरिनेछ । नगरपालिकाका सबै वडामा सफ्टवेयर जडान गरी दैनिक प्रशासनिक कामकाजलाई व्यवस्थित र पारदर्शी बनाइनेछ ।

- संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट प्राप्त भएको अन्तरिम कर्मचारी दरवन्दी, कर्मचारी संगठन संरचना, स्थानीय तहमा कार्यरत र समायोजन भई आएका कर्मचारीहरुलाई समेत समावेश गरी नगरपालिकाको आवश्यकता अनुसारको संगठनात्मक संरचना तयार गरी दरवन्दीको व्यवस्था मिलाइनेछ ।
- पारदर्शिता एवम् सुशासनका लागि नगरपालिकाको आम्दानी एवम् खर्चलाई सार्वजनिकीकरण गर्ने कार्यलाई निरन्तरता दिनुका साथै विकास निर्माण कार्यमा पारदर्शिता कायम गर्न योजना स्थलमा नै सार्वजनिक सुनुवाई र सामाजिक परीक्षण गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
- वडा तथा नगरपालिकामा कार्यरत कर्मचारीको क्षमता विकास गर्न सरुवा तथा जिम्मेवारी हेरफेर गरिनेछ । साथै कार्यसम्पादनको आधारमा प्रोत्साहन गर्ने नीति अवलम्बन गरिनेछ ।
- मेलम्ची नगरपालिकाको कार्यसम्पादन तथा सेवा प्रवाहलाई प्रभावकारी बनाउन नगरपालिकामा कार्यरत कर्मचारीहरुलाई उत्प्रेरित गरी मनोबल उच्च राख्न स्थानीय कर्मचारी नियमावली र कर्मचारी कल्याण कोष नियमावली तयार गरी लागु गरिनेछ । साथै आर्थिक प्रशासन सम्बन्धि नियमावली समेत तयार गरी लागु गरिनेछ ।
- यस नगरपालिकाका कर्मचारीबाट कार्यालय समयका अतिरिक्त थप समय कार्य सम्पादन गर्दै आएकाले निजहरुको मनोवल उच्च पार्न आधार तलबमानको ३५% थप सुविधा प्रदान गरिनेछ ।
- मेलम्ची नगरपालिका क्षेत्रलाई सुशासन मैत्रीनगर (Good Governance Friendly City) बनाउन आवश्यक कार्यारम्भ विगत वर्षबाट सुरुवात गरिएकोमा उक्त कार्यलाई प्रभावकारी बनाउन निरन्तरता दिई सुशासनको अनभूति दिलाउने गरी सेवा तथा कार्यक्रम सञ्चालनको नीति लिइनेछ ।
- मेलम्ची नगरक्षेत्रलाई जिल्लाकै समृद्ध नगरका रुपमा विकास गर्ने नीति अवलम्बन गरिनेछ ।